आज मिति २०८१/१०/२४ गते विहिबार बिहान ठिक ९:०० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको वैठक बसी देहायको वमोजिमको निर्णय गरियो। वैठक संख्या:-१२२

| क्र.स. | नाम ,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री अशोक कुमार गुप्ता | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं .४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री इन्द्रमणी कुर्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दिपक गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री इन्सान अलि धुनियाँ | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री चन्द्रा कुर्मी | कार्यपालिका सदस्य | |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | |
| १८ | श्री शिरविन्दु थारु | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रभावति यादब | कार्यपालिका सदस्य | |
| २० | श्री गोविन्द कहार | कार्यपालिका सदस्य | |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री राम दास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री पुनाराम पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति :-

| | | | |
|---|---|---|---|
| १ | श्री रसिद खाँ | सल्लाहकार | |
| २ | श्री विनोद कुँवर | प्रशासन अधिकृत | |
| ३ | श्री भगवान दास गुप्ता | लेखा अधिकृत | |
| ४ | श्री भोज राज पाण्डे | प.स्वा.प्र. | |

मिति २०८१/१०/२४ गतेको कार्यपालिका बैठकका निर्णयहरु

कार्यपालिका बैठक संख्या :- १२२

बैठकका प्रस्तावहरु

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. संघीय समुपरक अनुदान सम्बन्धमा ।

३. संघीय विशेष अनुदान सम्बन्धमा ।

४. खोलाको आय ठेक्का व्यवस्थापन सम्बन्धमा ।

५. रामघाट जग्गा भोगाधिकार सम्बन्धमा ।

६. सामुदायिक भवन सम्बन्धमा ।

७. तराई-मधेश समृद्धि कार्यक्रमको योजना माग सम्बन्धमा ।

८. समसामायिक/विविध ।

निर्णयहरु

१. मिति २०८१/७/२७ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

२. संघीय समपूरक अनुदान :-संघीय समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ अनुसार मिति २०८१/१०/१६ मा प्रकाशित सुचना बमोजिम राष्ट्रिय योजना आयोगबाट माग भए अनुसार आर्थिक बर्ष २०८२/०८३ को लागि प्रस्तावित लागत अनुमान बमोजिमको लागत साझेदारी रकम आगामी नगरसभाबाट व्यवस्थापन गर्ने गरी तपसील बमोजिमका योजनाहरुको निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

तपसिल

क. बेलहवा-दोहनी -पुर्व बर्गहवा/हरिहरपुर-हुदै पचेहरा क.व.न.पा.७,८ र ११ सम्म माग ।

ख. आनन्दबाग सिकोटवा मलपरवा सडक क्रमागत ।

३. बिशेष अनुदान सम्बन्धी कार्यविधि,२०८१ बमोजिम मिति २०८१/१०/१६ मा प्रकाशित सुचना अनुसार राष्ट्रिय योजना आयोगबाट माग भए अनुसार आर्थिक बर्स २०८२/०८३ को लागि संघीय बिशेष अनुदानको लागि तपसिल बमोजिमको योजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिल

क. सेमरहवा ताल/पोखरी सुन्दिकरण क.व.न.पा.२ ।

ख. गोबरी ताल/पोखरी सुन्दिकरण क.व.न.पा.६ ।

ग. रेहरा ताल/पोखरी सुन्दिकरण क.व.न.पा.११ ।

घ. तौलिहवा बजार वृक्षरोपण एंव सौन्दिकरण क.व.न.पा.१,२ र ३ ।

ङ. ठुलो पटखवा सामुदायिक भवन निर्माण क.ब.न.पा.४ ।

च. गोटिहवा सामुदायिक भवन निर्माण क.ब.न.पा.५ ।

छ. पिपरहवा-विठुवा सामुदायिक भवन निर्माण क.ब.न.पा.१२ ।

ज. श्री शितलाबक्स मा.वि.अधुरो भवन निर्माण क.व.न.पा.११ रेहरा ।

सन्दिप पौडेल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

झ. श्री राम जानकी आधारभूत प्रा.वि.को भवन निर्माण क.व.न.पा.२ सेमरहवा ।

४. यस कपिलवस्तु नगरपालिकाको सिमा क्षेत्र भित्र पर्ने वाणगंगा नदीको घाट/नाकाहरुबाट नदीजन्य पदार्थ उत्खनन र संकलनको लागि श्री रेसुङ्गा ट्रेनिंग एंड मल्टी पर्पोज तिलोत्तमा-२ रुपन्देहीबाट तयार भई स्वीकृतिको लागि पेश भई आएको वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

५. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(शसर्त अनुदान) अन्तर्गत रामघाटमा शिवधाम निर्माण कपिलवस्तु न.पा.वडा न.३ कपिलवस्तु योजनाको निर्माण कार्य गर्नको लागि सोही वडामा श्री राम जानकी मन्दिरको नाममा रामघाटमा रहेको जग्गामा सोही मन्दिरको समिति र यस नगरपालिका बीच जग्गा सम्झौता गरी बगैचाको उत्तर र बाँध दक्षिणमा रहेको खाडलमा सौन्दरीकरण गर्नको लागि पोखरी निर्माण कार्य आगाडी बढाउने साथै यस वर्ष सम्पन्न नहुने अवस्थामा आगामी आ.व.मा बजेट बिनियोजन गरी योजना निरन्तर गर्ने निर्णय गरियो ।

६. आगामी आ.व.२०८२/८३ को लागि तराई सम्वृद्धि कार्यक्रमको लागि तपसील बमोजिमको योजनाहरु प्रस्तावित गर्ने र सो को लागि लागत सहभागिताको रकम समेत व्यवस्थापन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

क. सामुदायिक भवन निर्माण क.व.न.पा.१० तेनुवा ।
ख. सामुदायिक भवन निर्माण क.व.न.पा.३ देवानगढ़िया ।
ग. सामुदायिक भवन निर्माण क.व.न.पा.११ बनगाई ।
घ. सामुदायिक भवन निर्माण क.व.न.पा.४ गोपालपुर ।

**<u>समसामायिकः-</u>**

१. मिति २०८१/१०/३ गते यस कपिलवस्तु नगरपालिकाका नगर प्रमुखको अध्यक्षतामा बसेको छाडा चौपाया व्यवस्थापन गर्न सम्पूर्ण वडा अध्यक्षहरुको उपस्थितिमा यस कपिलवस्तु नगरपालिकाका क्षेत्र भित्र रहेका छाडा चौपायाले सडक दुर्घटना बढाउन सक्ने र कृषकहरुको बालिनालि नष्ट पारि रहेको हुँदा उक्त छाडा चौपायाहरुलाई वाणगंगा नगरपालिकाद्वारा कोठि पुल नजिकै संचालित एंव व्यव्स्थित गरिरहेको छाडा चौपाया व्यवस्थापन केन्द्रमा अस्थायी व्यवस्थापन गरि पछि भागरथी गौ संरक्षण विकास केन्द्रमा स्थायी व्यस्थापन गर्ने गरि एक पटकमा ५० वटा छाडाचौपायाहरु लैजाने र सोको समन्वय र सहकार्य गर्न सम्वन्धित निकायहरुलाई पत्राचार गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

२. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(शसर्त अनुदान) अन्तर्गत मान्डव्य ज्येष्ठ नागरिक आश्रम निर्माण कपिलवस्तु न.पा.कपिलवस्तु योजनाको निर्माण कार्य प्राप्त बजेट यसै पालिकाको वडा न.३ श्री राम जानकी मन्दिर रामघाटको परिसरमा रहेको पुरानो भवन मरम्मत कार्य आगाडी बढाउने निर्णय गरियो ।

सुदिप पौडेल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

३. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(शसर्त अनुदान) अन्तर्गत कपिलबस्तु नगरपालिका वडा नं. ०३ ठुलो सडवामा रहेको कालिमाई मन्दिर परिसर तथा पोखरीको डिलमा धर्मशाला निर्माण कपिलवस्तु योजनाको निर्माण गर्नको लागि प्राप्त बजेट तोकिएकै स्थानमा साविकमा रहेको पुरानो भवन भत्काई निर्माण कार्य आगाडी बढाउने निर्णय गरियो ।

४. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(शसर्त अनुदान) अन्तर्गत कपिलबस्तु नगरपालिका वडा नं. ३ मा चौरिखा हजार चोकमा रहेको कपिलवस्तु शहिद स्मृति प्रतिष्ठान भवन निर्माण कार्य गर्नको लागि यस नगरपालिकाको प.सं.०७८/०७९ च.न.३६०६ मिति २०७९/०३/०५ गतेको पत्र मार्फत क.व.न.पा ३ चौविस हजारमा जग्गा उपलब्ध गराई निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

५. संघीय समपुरक कार्यक्रम अन्तर्गत संचालन हुने आनन्दबाग सिकोटवा मलपरवा सडकको लागी पेश भई आएको बहु बर्षे खरीद गुरु योजना स्वीकृत गर्ने निर्णय गरियो ।

६. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(शसर्त अनुदान) अन्तर्गत कपिलबस्तु नगरपालिका वडा नं.१ गौढी चोकको पुर्व दक्षिणमा रहेको गडहामा बाल उद्धान निर्माण तथा सुन्दरिकरण कार्य सोही जग्गामा गर्नु परेको र सो गडहा बाल बिटोरी जग्गाको नाममा दर्ता रहेकोले सो जग्गाको लागि सरकारी जग्गा दर्ता,उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति,२०७९ बमोजिम सरकारी जग्गा लागि प्राप्ति वा लिजको लागि सम्वन्धित निकायहरुमा पत्राचार गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

सुदिप पौडेल
नगर प्रमुख

निर्णय प्रमाणित
२०७९।१०।२४
प्रमुख प्रशासकीय अधिकृत